**वारागुङ मुक्तिक्षेत्र गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
कागबेनी,मुस्ताङ

## कृषि सम्बन्धी सामान खरिदको लागि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(दोश्रो पटक सूचना प्रकाशित मिति:-२०७६/०८/२६गते)

यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको लागि आवश्यक अर्गानिक मल (च्यांग्राको) खरिद गर्नु परेको हुँदा इच्छुक फर्म/कम्पनी वा आधिकारिक बिक्रेताहरु बाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

खरिद सूचना १

| सिलबन्दी दरभाउ पत्र नं. | विवरण | लागत अनुमान (भ्याट सहित) | दरभाउपत्र दस्तुर | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| २. | अर्गानिक मल (च्यांग्राको)खरिद | १४,००,०००/- | १०००/- | ३५,०००/- | |

**शर्तहरु :**

१) यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र इच्छुक फर्म,कम्पनी,सप्लायर्स वा निजको प्रतिनिधिले निवेदन साथ ब्यबसाय दर्ता प्रमाणपत्र ,स्थायी लेखा नम्बर/ मूल्य अभिवृद्धि कर प्रमाणपत्र, आ.ब. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथ राखी कामको बिबरण अनुसारको तोकिएको दरभाउपत्र दस्तुर (पछी फिर्ता नहुने गरि ) यस कार्यालयको राजश्व शाखामा वा यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड जोमसोममा रहेको खाता नं. ०६८०३००००००००४००१०३२ मा जम्मा गर्न सकिने छ । कृषि सम्बन्धी सामान/उपकरणको स्पेसिफिकेसन सहितको दरभाउपत्र कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

२) खरिद भएको दरभाउपत्र फारम फर्मले आवश्यक विवरण भरी तोकिएका कागजातहरु संलग्न राखी खामबन्दी गरी खाम बाहिर आफ्नो फर्मको नाम,थर,वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलबन्दी गरी यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजे भित्र दर्ता गरिसक्नु पर्नेछ ।दर्ता भएका बोलापत्रहरु सोहि दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधि,फर्मको प्रतिनिधिको रोहबरमा खोलिने छ । समयमा फर्मको वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।कारणबश सिलबन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

३) पेश हुने दरभाउपत्र शर्त रहित केरमेट नभएको हुनुपर्ने छ यदि केरमेट भएमा केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्ने छ ।

४) दरभाउपत्र आह्वानको सूचनामा उल्लेखित धरौटी रकम यस कार्यालयको नाममा रहेको श्री नेपाल बैंक लिमिटेड,जोमसोम शाखाको धरौटी खाता नं. ०६८०३००००००००३००००९ मा नगद जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगदै जम्मा गरेको रसिद संलग्न हुनुपर्ने छ ।दरभाउपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिने छ ।

५) प्राप्त भएको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

६) यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

७) रित नपुगेको,म्याद नाघी आएको दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

८) एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

९) थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ । यो सूचना र दरभाउ पत्र फाराम यस कार्यालयको वेबसाइट www.varagungmuktichhetramun.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

# कागबेनी,मुस्ताङ

सम्पर्क-०६९४२१००१/२/३

इमेल-baragaunmuktichhetra@gmail.com

**अर्गानिक मल (च्यांग्राको) खरिद सम्बन्धी**

सिलबन्दी दरभाउपत्र फाराम

सूचना प्रकाशित मिति- २०७६/०८/२६ गते

फर्म/कम्पनीको नाम :

ठेगाना :

फोन नं. :

मोबाइल नं. :

फ्याक्स नं. :

इमेल :

फर्म/कम्पनीको छाप :

# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## कागबेनी,मुस्ताङ

**अर्गानिक मल(च्यांग्राको) खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(दोश्रो पटक सूचना प्रकाशित मिति :२०७६/०८/२६ )

यस गाउँपालिकामा अर्गानिक मल खरिद गर्नु पर्ने भएको हुँदा सो कार्य गर्न सक्ने योग्य इच्छुक फर्म/कम्पनीबाट सिलबन्दी दरभाउपत्र फाराममा उल्लिखित शर्तहरुको अधिनमा सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना पेश गरिएको छ । बिस्तृत जानकारीको लागि गाउँपालिकाको वेबसाइट www.varagungmuktichhetramun.gov.np मा हेर्नुहुन वा गाउँपालिकाको खरिद इकाइमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| क्र.सं. | विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फाराम बुझाउने अन्तिम मिति | फाराम खोलिने मिति |
|---|---|---|---|---|---|
| १. | अर्गानिक मल (च्यांग्राको)खरिद | १००० | २०७६/०९/०२ गते कार्यालय समय भित्र | २०७६/०९/०३ गते दिनको १२ बजेभित्र | २०७६/०९/०३ गते दिनको २ बजेपछी |

<u>**शर्तहरु :**</u>

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र रु.१००० फिर्ता नहुने गरी यस गाउँपालिकाबाट खरिद गर्न सकिने छ वा नेपाल बैंक लिमिटेड जोमसोम शाखामा रहेको यस गाउँपालिकाको मुल खाता नं. ०६८०३००००००००४००१०३२ मा नगद दाखिला गरी वेबसाइटबाट दरभाउपत्र फाराम डाउनलोड गरी भर्न सकिने छ सक्कल बैंक भौचर र सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजे भित्र सिलबन्दी दरभाउपत्र फाराम यस गाउँपालिका कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ र सो बेला अनिबार्य रुपमा सक्कल बैंक भौचर समेत पेश गर्नुपर्ने छ । दर्ता भएका सिलबन्दी दरभाउपत्र सोहि दिनको २:३० वजे पछी दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रहोबरमा खोलिने छ ।निज उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. **सिलबन्दी दरभाउपत्र फाराम साथ निम्न लिखित कागजात अनिबार्य रुपमा पेश गर्नुपर्ने छ ।**
   (क) फर्म/कम्पनी दर्ता प्रमाणपत्र (नबिकरण भएको/सम्बन्धित कार्य गर्न इजाजत प्राप्त भएको ) को प्रमाणित प्रतिलिपि
   (ख) स्थायी लेखा नम्बर दर्ता तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   (ग) आ.व. २०७५/७६ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
   (घ) जमानत रकम बापत मूल्य अभिवृद्धि कर सहित आफुँले कबोल गरेको कुल रकमको कम्तिमा ३ प्रतिशतले हुने रकम नेपाल बैंक लिमिटेड जोमसोम शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता नं. ०६८०३०००००००००३००००००९ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैंकले यस गाउँपालिकाको नाममा जारी गरेको र बोलपत्र फाराम पेश गर्ने अन्तिम मिति देखि गणना हुने गरि कम्तिमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टीको सक्कल प्रति पेश गर्नुपर्ने छ ।

३. दरभाउ पत्र खरिद गर्न इच्छुक फर्म/कम्पनीले माथि उल्लिखित सम्पूर्ण कागजात सहित निबेदन पेश गरेपछि मात्र दरभाउपत्र दिइने छ ।

४. दरभाउपत्रको प्रत्येक पानामा प्रस्ताब दाताको आधिकारिक सहि तथा फर्म/कम्पनीको छाप लागेको हुनुपर्ने छ ।

५. जुन फर्म/कम्पनीबाट दरभाउपत्र खरिद गरेको हो सोहि फर्म/कम्पनीबाट पेश गर्नुपर्ने छ ।

६. दरभाउपत्र बिक्री गर्ने,दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन सोहि समय र स्थानमा बिक्रि,दर्ता गरिने छ ।

७. सिलबन्दी नभएको,म्याद नाघी आएको,रित नपुगेको वा कुनै शर्त राखिएको दरभाउ पत्र उपर कुनै कारबाही हुनेछैन ।

८. दरभाउ पत्र फारममा आफुँले कबोल गरेको रकमलाई अंक र अक्षरमा दुबैमा प्रष्ट बुझिने गरि छुट्टाछुट्टै लेख्नुपर्ने छ । अंक र अक्षरको बिचमा फरक पर्न गएमा अक्षरमा अंकित मूल्यलाई मान्यता दिइनेछ ।

९. दरभाउ पत्र स्वीकृत भए पश्चात ७ (सात) दिन भित्र सम्झौता गर्न आउन स्वीकृत प्रस्तावदातालाई जानकारी गराइने छ । खरिद गरिने सम्पूर्ण सामानहरु यस गाउँपालिकाको कार्यालय रहेको स्थान कागबेनी मुस्ताङ सम्म आपुर्तिकर्ताले नै ढुवानी गर्नुपर्ने छ ।

१०. बिस्तृत जानकारीको लागि यस गाउँपालिकाको वेबसाइट www.varagungmuktichhetramun.gov.np मा समेत हेर्न सकिने छ ।

**तपशिल**

| **क्र.सं.** | **कामको विवरण** | **परिमाण** | **लागत अनुमान (भ्याट सहित)** | **धरौटी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | अर्गानिक मल (च्यांग्राको) खरिद | ७०००० केजी | १४,००,०००/- | ३५,०००/- | |

**<u>दरभाउ पत्र दातालाई निर्देशन</u>**

- दरभाउ पत्र आह्वानको सुचनामा उल्लेख भएका सम्पूर्ण कागजात पेश गर्नुपर्ने छ ।उपयुक्त उल्लेखित कागजात पेश नगरेको दरभाउपत्र दाताको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
- प्राप्त हुन आएका दरभाउपत्र प्रतिस्पर्धाको आधारमा स्वीकार्ने अथवा पूर्ण रुपमा रद्द गर्ने अधिकार यस कार्यालयमा रहने छ । कार्यालयको आवश्यकता अनुसार सामानहरु पटक पटक खरिद गर्न सकिने छ ।
- टुटफुट भएका तथा कुनै खराबी आएका सामाग्रीहरु कुनै हालतमा बुझिलिने छैन ।
- शिलबन्दि दरभाउ पत्रको बाहिर खरिद गरेको कार्यालयको नाम तथा ठेगाना स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
- दरभाउपत्र दाताले दरभाउ पत्र फाराममा उल्लेखित शर्तको पूर्ण पालना गर्नुपर्नेछ र उपलब्ध गराउन भनिएको विवरण अनिबार्य पेश गर्नुपर्ने छ ।
- अन्य कुराहरु प्रचलित कानुन अनुसार लागु हुनेछ ।

**प्राविधिक मुल्यांकनका पक्षहरुको सारांश**

(दरभाउपत्रदाताले अनिवार्य भर्नुपर्ने)

१.कम्पनी/फर्म दर्ता प्रमाण पत्र भएको/नभएको ? र आ.व. ०७५/७६ को लागि नवीकरण भएको/नभएको ?उल्लेख गर्ने

..........................................................................................................................................

जारी मिति तथा नवीकरण गरिएको अबधि :................................

२. भ्याट तथा आयकर दर्ता प्रमाणपत्र संलग्न भएको/नभएको ..........................................

जारी मिति तथा नवीकरण गरिएको अवधि : ..................................

३.स्पेशिफिकेसन माग बमोजिम सामान उपलब्ध गराउन सक्ने/नसक्ने ................................

४. Delivery Period दरभाउपत्रमा माग भए बमोजिम मन्जुर छ/छैन ? ......................

५.दररेट पेश गरेको सामानको क्याटलग पेश गरेको छ/छैन ?..............................

(माथि उल्लेखित कागजात दरभाउपत्र साथ संलग्न हुनुपर्ने छ ।)

**आर्थिक मुल्यांकनका पक्षहरुको सारांश**
**(अनिवार्य भर्नुपर्ने)**

१.बैंक जमानत संलग्न भएको/नभएको ?(बैंकको नाम ठेगाना उल्लेख गर्ने ) ९० दिनको भ्यालीडीटि भएको बैंक बिडबंड भएको ।

...................................................................................................................................

२. दरभाउ पत्र फाराममा उल्लेख गरेको भुक्तानीको प्रकृया आफुँलाई मान्य छ/छैन ?

.........................................................................................................

(माथि उल्लेखित कागजात दरभाउपत्र साथ संलग्न हुनुपर्ने छ ।)

# आर्थिक प्रस्ताब

आर्थिक प्रस्ताब फाराम

**श्री वारागुङ मुक्तिक्षेत्र गाउँपालिका**
**कागबेनी,मुस्ताङ** ।

विषय-आर्थिक प्रस्ताब पेश गरेको बारे ।

महोदय,
त्यस गाउँपालिकामा अर्गानिक मल खरिद सम्बन्धमा मिति २०७६/ / गते राष्ट्रिय दैनिकमा प्रकाशित दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसार दरभाउ पत्र फाराममा उल्लिखित शर्तहरु पूर्ण रुपमा पालना गर्ने गरि यस फर्म कम्पनीले मूल्य अभिवृद्धि कर सहित रु........................अक्षरुपी ................................................ ............................मा उपलब्ध गराउन इच्छुक भएको हुँदा यो आर्थिक प्रस्ताब पेश गरेको छु/गर्दछौं ।

यस फर्म/कम्पनीले पेश गरेको दरभाउ पत्र स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार त्यस कार्यालयमा निहित रहने व्यहोरा जानकारीका साथ अनुरोध छ ।

प्रस्तावदाताको सहि :
नाम :
पद :

फर्म/कम्पनीको नाम र ठेगाना

सम्पर्क नं. : इमेल :

फर्म/कम्पनीको छाप : मिति :

<u>**प्रस्तावित कबोल रकमको विवरण :**</u>

**तपशिल**

| **क्र.सं.** | **कामको विवरण** | **परिमाण** | **इकाई** | **दर प्रति इकाई** | | **जम्मा रु.(भ्याट बाहेक)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| | | | | **अंक** | **अक्षरमा** | | |
| १. | अर्गानिक मल (च्यांग्राको) | ७०,००० | केजी | | | | |
| | | | | | जम्मा रु. | | |
| | | | | | भ्याट | | |
| | | | | | कुल जम्मा | | |
| | | | | | | | |
| | | | | | | | |

अक्षरमा :

नोट : अर्गानिक मल(च्यांग्राको)को  स्पेसिफिकेसन तपशिलमा उल्लेख भए बमोजिम हुनुपर्ने छ ।

**अर्गानिक मल (च्यांग्राको)**

- अर्गानिक मल च्यांग्राको हुनुपर्नेछ ।

-मल ५० केजी चिनी बोराको साइजको बोरामा उपलब्ध गराउनुपर्नेछ ।